नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
जेठ/असार २०६७ (June 2010) वर्ष १४/अङ्क १७६

## " म को हुँ" कि "म कस्तो देखा पर्छु"

पाष्टर राजेन्द्र रोंगोंग

कुनै एक अमेरिकी राष्ट्रपतिको भनाइअनुसार व्यक्ति र राष्ट्रको जीवनको निर्णायक तत्व चरित्र नै हो । एक समय चरित्र र सिद्धान्तलाई महत्त्वपूर्ण स्थान दिइन्थ्यो भने 'आधुनिक विकसित' युगमा व्यत्तित्व र आधुनिक प्रविधि र वैज्ञानिक विधिलाई अनावश्यक प्राथमिकता दिइन्छ । फलस्वरुप ईश्वर, अध्यात्मवाद, चरित्र, सिद्धान्त जस्ता विषयलाई निष्क्रिय बनाउन खोजिएको छ ।

ठूल्ठूला सरकारी वा गैरसरकारी प्रशासनिक संयन्त्र, कल-काराकाना, संघ-संस्था तथा संगठनहरूले दिनुपर्ने कुरामा महत्त्व नदिई जबरजस्त रुपमा आफ्नो लक्ष्य पूरा गर्न खोजिएको छ ।

तर अर्कातिर केही संघ-संस्था वा संगठनहरूमा संलग्न व्यक्तिहरू, व्यवस्थापक वा संचालनदेखि लिएर सामान्य कर्मचारीहरूमा एकअर्कालाई विश्वास गर्न सकिने संस्कारको विकास हुनुपर्ने तड्कारो आवश्यकता महशुस गरिँदैछ । अर्को भाषामा मानिसमा विश्वस्तता जस्ता चरित्रको अभावमा ती संघ-संस्था, संगठनले आफ्नै उद्देश्य अनुरुप काम गर्न नसकेको अनुभव दिन-दिनको घटना तथा अखबार वा संचार माध्यमले प्रसार गरेका खबरहरूबाट प्रमाणित भइरहेछ ।

चरित्र 'म को हुँ' अथवा "म कस्तो देखा पर्दैछु' अथवा मेरो व्यक्तित्वसित सम्बन्धित छ । "म को हुँ" यथार्थता हो भने "म कस्तो देखिँदैछु" बनावटीपन हो । यही बनावटीपनद्वारा हामी एकअर्काको आँखामा छारो हाल्दैछौं । मेरो प्राकृतिक स्वभावले म आफू जस्तो सुकै भए पनि अरूको अघि राम्रो देखिन वा देखाउन चाहन्छु । त्यसले मेरो परिवार, मेरो मण्डली, मेरो समाज वा राष्ट्रमा समेत नकारात्मक प्रभाव पार्दछ ।

यर्मिया १७:९ अनुसार "**मानिसको हृदय सबै कुराभन्दा छली हुन्छ, र त्यसलाई निको पार्न सकिँदैन । त्यसलाई कसले जान्न सक्छ र ?**" मेरै प्रयासबाट ममा विश्वस्तताको विकास हुनु असम्भव छ । मानिसको कोशिषबाट त्यस प्रकारको परिवर्तन हुन सक्तैन । यसैकारण परमेश्वरले आफ्नो छोरो येशूलाई संसारमा पठाउनुभयो । रोमी ५:८ मा यो लेखिएको छ, "… **हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो** ।" **हाम्रो पाप र पापको दण्डदेखि छुटकारा दिन र हामीलाई परिवर्तन गर्न ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो** ।" येशू ख्रीष्टद्वारा हामी "नयाँ सृष्टि" भएका छौं । येशू ख्रीष्टको मृत्युद्वारा हामी मानिसले नयाँ जन्म र पवित्र आत्माको बप्तिस्मा पाउन सकेका छौं । उनै पवित्र आत्मा हामीमा रहनुभएको कारण हाम्रो रुपान्तरण भइरहेछ । 'म को हुँ' यसैमा आधारित छ ।

पवित्र आत्मा मभित्र हुनुभएको कारण ममा पवित्र आत्माको फल फल्न सक्दछ । गलाती ५:२२-२३ मा लेखिएअनुसार "पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन् ।" यसको अर्थ पवित्र आत्माले मेरो चरित्रलाई नै पूर्ण रुपमा परिवर्तन गरिदिनुहुन्छ । तर यो त्यतिकै वा आफै हुँदैन । पवित्र आत्मा स्वयं यो काम गर्नुहुन्न । तर जब म पवित्र आत्मालाई सहायता माग्छु अथवा परिवर्तनको निम्ति प्रार्थना गर्छु उहाँ उक्त काम ममा गर्नुहुन्छ । मेरो चरित्र निर्माण हुन्छ अथवा यसमा परिवर्तन आउँछ । यही ईश्वरीय चरित्रमा विश्वस्तता हुन्छ । विश्वस्तता सत्यतामा आधारित हुन्छ । ममा बनावटीपन हुँदैन । परमेश्वर र मानिसहरूको अघि भरोसा गरिने योग्य बन्दछु । फलस्वरुप मलाई परमेश्वरले

राख्नुभएको परिवार, मण्डली, कार्यालय, समाज र राष्ट्र समेतमा विश्वास योग्य पात्र बन्न सक्छु । उहाँले मलाई जुन कामको लागि अहिले यो समयमा जहाँ राख्नुभएको छ, काम लाग्दो व्यक्ति बन्न सक्छु । स्मरण रहोस् "म कस्तो देखा पर्दैछु" त्यसबाट प्रभुको इच्छा पूरा हुँदैन । "म को हुँ" अथवा "म जे छु" त्यसबाट मात्र पूरा हुन्छ ।

### नेइमको दर्शन

**"ख्रीष्टजस्तै बनाउन ख्रीष्टजस्तै बनौं"**

### मिशन स्टेटमेन्ट

परमेश्वरको महिमाको निम्ति **पवित्र आत्माको** शक्ति र निर्देशनमा **प्रार्थना** र **अन्तरबिन्ती** सहित **प्रशंसा** र **आराधना** गर्ने, समान दर्शन भएकाहरूसित आबद्ध भई **प्रचार** र **मण्डली स्थापनाको** काममा **संलग्न** रहने र **प्रेममा परिपक्व** हुँदै सर्वाङ्गिण रूपान्तरणका निम्ति ख्रीष्टको साक्षी बन्दै पवित्रतामा उहाँकै पुनरागमनको **प्रतिक्षा** गर्ने मण्डली हुनेछ ।

## जानकारी

१. चैत्र १६-१८ गते/मार्च २९-३१ ता., सोमबार-बुधबारसम्म तीनदिनको नेइम शाखा तथा आवद्ध मण्डलीका अगुवा तालिम हेटौंडाको कमानेमा सम्पन्न भयो । उक्त तालिममा ४१ जना अगुवाहरूको सहभागिता थियो । तालिम दिनको लागि पाष्टर महेश थाँजु, पाष्टर सामुएल कार्थक, श्री लेखनाथ पौडचाल र श्री नूह थामी जानुभएको थियो ।

२. चैत्र २० गते/अप्रिल २ ता. शुक्रबार नेइम ललितपुरको १४ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

३. चैत्र २० गते/अप्रिल २ ता. शुक्रबार नेइम गोंगबूँको ७ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

४. चैत्र २१ गते/अप्रिल ३ ता. शनिबार, नेइम ज्ञानेश्वर, नगरकोट र सिर्जनानगरको संयुक्त सेवामा नेइम ज्ञानेश्वर मण्डलीको डीकन सामुएल क्षेत्री, डीकन पूर्ण सुनुवार र डीकन दिनेश न्यौपानेलाई एल्डर अभिषेक गरियो ।

५. चैत्र २२ गते/अप्रिल ४ ता. आइतबार नेइमको शाखा/आवद्ध मण्डली विराट नगरमा २० जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो । उक्त सेवकाईको लागि आदरणीय पाष्टर रोबर्ट कार्थक, डीकन गोपाल शर्मा र श्रीमती शीला शर्मा जानुभएको थियो ।

६. चैत्र २४ गते/अप्रिल ६ ता. मंगलबार पूर्व नेपाल, धनकुटा, राजारानी बसन्तटार १, सानुमुडेवासमा नेइमको शाखा मण्डली उद्घाटन, अर्पण, श्री रोमी मगरलाई अगुवा अभिषेक साथै ३ जनाको बप्तिस्माको कार्य सम्पन्न गरियो । सो सेवकाईको लागि पाष्टर राजेन्द्र रोंगोंग, पाष्टर अशोक मुखिया, डीकनेस् अमृता कार्थक, श्री आर. अञ्जान घले, श्री असिम राई, श्री राज गुरूङ्ग, श्री राजु नगरकोटी र सुश्री भिमा मगर जानुभएको थियो ।

७. चैत्र २९ गते/अप्रिल ११ ता. आइतबार नेइम ज्ञानेश्वरको २४ र सिर्जनानगरको २ गरी २६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

## मे महिनाको कार्यक्रम

* जेष्ठ १ गते/मे १५ ता. शनिबार महिला प्रार्थना सेवापछि आ-आफ्नै मण्डलीमा
* जेष्ठ १३ गते/मे २७ ता. बिहीबार बिहान ७:००-९:०० बजेसम्म पुरुष प्रार्थना आ-आफ्नै मण्डलीमा

## मिशनरीहरूको लागि प्रार्थना

मण्डलीबाट मिशनेरी भएर जानुभएका श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), श्री सुमन र श्रीमती रीना खड्गी (मुम्बई) श्री नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), श्री प्रदिप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), श्री लोक गुरूङ्ग र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी) श्री विष्णु पिटर र श्रीमती एलिशिबा लिम्बु परिवार (पोखरा), श्री पदम तामाङ्ग र श्रीमती सावित्रा तामाङ्ग परिवार (सिन्धुपाल्चोक, घोर्थली) र डीकन अब्राहाम श्रेष्ठ र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत) उहाँहरूको सेवकाई र मण्डलीमा आशिष मागिदिऔं । आगामी दिनहरूमा मण्डलीबाट अझै धेरैजना विभिन्न ठाउँहरूमा मिशनेरी भएर जानको निम्ति बोलावट पाएर आज्ञाकारी हुन सकून् साथै विभिन्न देश, विदेशहरूमा मण्डलीहरूमा सेवकाई पुऱ्याइराख्नुभएकाहरूलाई पनि आफ्नो प्रार्थनामा निरन्तर उचालिराखौं ।

## जानकारी

**सूचना साथै मण्डलीका विविध कार्यक्रमका फोटोहरू साथै आदरणीय पाष्टर गुरूबा रोबर्ट कार्थकले बोल्नुभएको प्रवचनहरू www.nim.org.np मा हेर्न सक्नुहुनेछ साथै आदरणीय पाष्टर गुरूबाले विभिन्न विषयहरूमा बोल्नुभएको प्रवचनका क्यासेटहरू, ख्रीष्टयान भजन, गीतका सी.डी., क्यासेटहरू र बाइबल चाहिएमा मण्डली अफिसमा श्री नूह थामीलाई सम्पर्क राख्नुहुन जानकारी गराउँदछौं ।**



## जानकारी

धोवीचौर लाजिम्पाट, बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य सुश्री रत्न माया रजक ३० वर्षको उमेरमा वैशाख १३ गते/अप्रिल २६ ता. सोमबार प्रभुमा सुत्नुभयो ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| **आराधना सेवा** | शनिबार | बिहान ८ बजे र ११ बजे<br>बिहान ९ बजे र ११ बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>जोरपाटी, गोंगबू, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा<br>सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| **आत्मिकी तथा चंगाई सेवा** | | महिनामा एकपल्ट<br>महिनामा दुईपल्ट | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| **घरेलु संगति** | बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| **प्रार्थना सभा** | आइतबार<br>आइतबार<br>सोमबार<br>मंगलबार<br>बुधबार<br>बिहीबार<br>शुक्रबार | बिहान ६:०० बजे<br>बेलुकी ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे | नयाँ बानेश्वर<br>लिपिकोट<br>ज्ञानेश्वर, जोरपाटी, नाइलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ पनौती सिर्जनानगर<br>धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी<br>ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी<br>गोंगबूँ, कमलाक्षी<br>ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा, सुन्दरीजल |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुर्जुधारा | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वैशाख २५ गते मे ८ ता. | पाष्टर सामुएल कार्थक | पाष्टर अशोक मुखिया | श्री सिद्धि खालिङ | पा. बि.बि. खवास श्री शाह ब.गुरूङ्ग | पाष्टर दफ्तन सादा | श्री परशु अधिकारी | पाष्टर प्रेम श्रेष्ठ | डीकन जमान तामाङ्ग | डीकन अष्ट श्रेष्ठ | पाष्टर एस. सोदेम्बा | पाष्टर रोबर्ट कार्थक | श्रीमती सुमित्रा तामाङ्ग |
| जेष्ठ १ गते मे १५ ता. | पाष्टर महेश थाँजु | श्रीमती रश्मिला तामाङ्ग | पाष्टर सामुएल कार्थक | डी. सीता गुरूङ्ग डी. श्रीलक्ष्मी सैंजु | डीकन रूबेन श्रेष्ठ | श्री धनराज घिमिरे | पाष्टर रोबर्ट कार्थक | डीकन सागर थापा | संयुक्त सेवा जोरपाटी चच | संयुक्त सेवा जोरपाटी चर्च | पाष्टर प्रेम श्रेष्ठ | श्री प्रशान्त सिंह |
| जेष्ठ ८ गते मे २२ ता. | एल्डर सामुएल क्षेत्री | एल्डर दिनेश न्यौपाने | श्री बाघमान तामाङ्ग | पा. रोबर्ट कार्थक पा. रोल्याण्ड रोंगोंग | डीकनेस् श्रीलक्ष्मी सैंजु | श्री श्रीराम सुर्खेत | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर महेश थाँजु | डीकन दानिएल सापकोटा | पाष्टर बि.बि. खवास | श्री जय सिंह | श्री शुक्रराज घिमिरे |
| जेष्ठ १५ गते मे २९ ता. | डीकनेस् शुईङ्ग कार्थक | श्री सरुष मान तामाङ्ग | पाष्टर अशोक मुखिया | डी. सिमोन खालिङ श्री नवराज के.सी. | श्री प्रेम ठकुरी | श्री बाबुराम के.सी. | पाष्टर एस. सोदेम्बा | डीकन जमान तामाङ्ग | डीकन दानिएल सापकोटा | डीकन सागर थापा | पाष्टर बर्णबास श्रेष्ठ | सुश्री अनिता के.सी |
| जेष्ठ २२ गते जुन ५ ता. | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र रोंगोंग | श्री सिमोन भण्डारी | संयुक्त सेवा ललितपुर चर्च | पाष्टर प्रेम श्रेष्ठ | श्री सुन्दर नगरकोटी | पाष्टर एस. सोदेम्बा | श्री पासाङ्ग डेविड शेर्पा | डीकन बी.एन. पण्डित | संयुक्त सेवा गोंगबूँ चर्च |

## हार्दिक बधाई

**नेइम ललितपुर मण्डलीका सदस्य श्री रबी र श्रीमती लियोना राईकी ज्येष्ठ सुपुत्री सुश्री रेनाहाङमा सनोम राई हाल अमेरिकामा अध्ययनरत निजको उत्कृष्ट शैक्षिक उपलब्धीको कदर स्वरुप अमेरिकन युनिभर्सिटिज एण्ड कलेजेजबाट "हु इज हु"** (Who's who Among Students in American Universities and Collages) **मा चुनिनुभएको छ ।**

**नेपाली इसाई मण्डली रेनाहाङमालाई बधाई ज्ञापन गर्दछ ।**

## प्रार्थनाका विषयहरू

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू साथै राजनैतिक पार्टीका नेताहरूको लागि एकता र मेलमिलापमा देश चलाउनको निम्ति ज्ञान, बुद्धि मागिदिऔं । जसको फलस्वरुप राजनैतिक, सामाजिक, आर्थिक, भौतिक तथा सम्पूर्ण क्षेत्रमा परिवर्तन आएको होस् ।

२. वैशाख १ गते/अप्रिल १४ ता. बुधबारदेखि जेष्ठ ९ गते/मे २३ ता. आइतबारसम्म ४० दिने नेपालको लागि विश्वव्यापी प्रार्थनामा मण्डलीका सबैले भाग लिन सकून् ।

३. विभिन्न माध्यमहरू जस्तैः रेडियो, एफ.एम., टि.भी. साथै मण्डलीहरूद्वारा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् सुसमाचारको काममा नेपालका सबै मण्डलीहरू तथा संघ-संस्थाहरू अझै बोझसँग लागिपर्न सकून् ।

४. देशको वर्तमान परिस्थितिको कारण कोही पनि निरास हताश नभई परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति प्रार्थना गर्नेहरू हुन सकून् ।

५. नेइम ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ पनौती, नगरकोट, जहरसिंह पौवा, सिर्जनानगर, गाम्छा, रानीपौवा, गुर्जुधारा र सुन्दरीजल मण्डलीहरूको सेवा संगति, मण्डली वृद्धि साथै गुरुजनहरू र मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।

## विशेष अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा संगतिहरूमा सेवाशुरू हुन अघिनै समयमै आउनुहुन मण्डली परिवार सबैलाई विशेष अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र प्रवेश गर्नु अगावै आफ्नो मोबाइलको स्वीच बन्द गरिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ-पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ताबीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

४. दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहुन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर सफासँग बुझ्ने अक्षरमा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेटी जस्तैः निर्माण, मिशन, सहायता, छात्रवृत्ति, सुसमाचारको लागि भेटी दिन चाहनुभएमा सम्बन्धित कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

५. मण्डलीको आराधना सेवा सकेपछि मण्डलीबाट बाहिर जानुहुँदा दया गरी आ-आफ्नो जुत्ताहरू चिनेर लगाएर जानुहुन अनुरोध गर्दछौं साथै मण्डलीमा आउनुहुने हरेकले आफ्नो जुत्ताको सुरक्षाको लागि प्लाष्टिकको झोला लिएर आउनुहुन पनि अनुरोध गर्दछौं ।

प्रकाशक: नेइम ग्रानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४२८५/४४१२९१२ Email:nim@wlink.com.np, www.nim.org.np

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | **१९** 2<br>मण्डलीका सबै विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही दिनेहरू पनि बन्न सकौं ।<br>मत्ती ५:१३-१६ | **२६** 9<br>नेपालका सबै मण्डलीका अगुवाहरू बीच सधैं एकतामा रही एकअर्कालाई प्रेममा सहायता पुऱ्याउनेहरू हुन सकून् ।<br>भजनसंग्रह १३३:१-३ | **२** 16<br>नेपालमा रहेका सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>एफिसी २:१९-२२ | **९** 23<br>नेपाल देशका मानिसहरूले प्रभु येशू खीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>फिलिप्पी २:१०-११ | **१६** 30<br>खीष्ट येशू असल गोठालो हुनुभएझैं मण्डलीका सबै अगुवाहरू पनि आफ्नो मण्डलीको असल गोठालो हुन सकून् ।<br>यूहन्ना २१:१५-१७ |
| **सोमबार Monday** | **२०** 3<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीका धेरैभन्दा धेरैले भाग लिन सकून् ।<br>यशैया ५६:७-८ | **२७** 10<br>प्रभुले थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>रोमी १२:४-८ | **३** 17<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून् ।<br>१ पत्रुस २:९-१२ | **१०** 24<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ | **१७** 31<br>अन्धकारको शक्तिको विरूद्धमा खडा भई विजय हुन, मण्डलीको जीवनमा स्तुति प्रशंसा, प्रार्थना, वचन पढाई अझै बढेर गएको होस् ।<br>२ इतिहास २०:२१-२३ |
| **मंगलबार Tuesday** | **२१** 4<br>पूर्णकालिन सेवक/सेविकाहरू मण्डली निर्माणको काममा पूर्णरुपमा लागिपर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ तिमोथी १:१२ | **२८** 11<br>पवित्र आत्मा परमेश्वरले दिनुभएको स्वतन्त्रता, चंगाई, छुट्कारा, बल, साहस, शान्ति पाएर परमेश्वरलाई अझ प्रेम गर्नेहरू हुन सकौं ।<br>भजनसंग्रह ७३:२३-२८ | **४** 18<br>अधुरा घर-घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू खीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>यशैया ४५:१५-२३ | **११** 25<br>विभिन्न देश, विदेशमा रोजगार, अध्ययनको सिलसिलामा गएका नेपाली जातिहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>यूहन्ना ३:१५-१७ | **१८** 1<br>मण्डलीको परिवारको जीवनमा विभिन्न समस्याहरूबाट छुट्कारा, समाधान साथै स्थिर रहने अनुग्रहको लागि प्रार्थना गरिदिऔं ।<br>अय्यूब ४२:२,५ |
| **बुधबार Wednesday** | **२२** 5<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग र उत्साह दिँदै एक आपसको घनिष्ठता अझ बढेर गएको होस् ।<br>हिब्रू १०:२४-२५ | **२९** 12<br>लागु पदार्थ, जाँड रक्सी, चुरोट साथै अरू बन्धनमा फसेका सबैले छुट्कारा पाई परिवर्तनको जीवन जिउन सकून् ।<br>कलस्सी २:२१-२३ | **५** 19<br>ऋण, मुद्दा, बेरोजगार, रोग साथै अन्य समस्यामा परेकाहरूको समस्या समाधान साथै छुट्कारा र निको हुवाईको लागि प्रार्थना गरौं ।<br>फिलिप्पी ४:५-७ | **१२** 26<br>खीष्टको नाउँको खातिर दु:ख, कष्ट भोगिरहेकाहरूको निम्ति बल, साहस, साथै स्थिर रहनको निम्ति परमेश्वरको अनुग्रह मागिदिऔं ।<br>१ पत्रुस ४:१२-१६ | **१९** 2<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर खीष्टको चेलाहरू भएर जिउन सकून् ।<br>एफिसी ३:१६-२१ |
| **बिहीबार Thursday** | **२३** 6<br>यहोवा यीरे जवानहरूले आफ्ना नयाँ साथीहरूलाई प्रभुमा जित्ने काममा बोझसँग लागिपर्न सकून् ।<br>१ कोरिन्थी ९:१६ | **३०** 13<br>बाल संगतिका प्रत्येक बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाई, स्वास्थ्य, सुरक्षा जस्ता सबै क्षेत्रमा प्रशस्त आशिष मागिदिऔं ।<br>यशैया ६१:८-९ | **६** 20<br>सबै बा दाजुभाइहरू आफ्नो परिवारमा पूजाहारी भएर आफ्नो परिवारलाई प्रभुमा डोऱ्याउनेहरू हुन सकून् ।<br>व्यवस्था ६:४-७, १२ | **१३** 27<br>परिवारहरूमा श्रीमान् र श्रीमती बीचमा परमेश्वरको शान्ति, मेलमिलाप र समझदारी बढेर गएको होस् ।<br>१ कोरिन्थी १३:४-७ | **२०** 3<br>मण्डलीका सबै आमा दिदी बहिनीहरू प्रभुमा अझै परिपक्व र व्यावहारिक हुँदै जान सकून् ।<br>कलस्सी १:१० |
| **शुक्रबार Friday** | **२४** 7<br>वचनको सेवकाई, स्तुति प्रशंसामा अगुवाई, सेवा सञ्चालक, अनुगमन कक्षा लिनुहुने र सुसमाचार सुनाउनुहुनेहरूको लागि प्रार्थना गरौं ।<br>२ कोरिन्थी २:१४-१७ | **३१** 14<br>भोलि नेपालभरि हुने आराधना सेवामा गरेको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | **७** 21<br>आराधना सेवामा आउनेहरू सबै सधैं आत्मा, मन र शरीरको तयारीमा आउन सकून् र परमेश्वरको आशिष् सबैले सधैं पाउन सकून् ।<br>भजनसंग्रह ९६:१-१० | **१४** 28<br>भोलि प्रचारिने वचनद्वारा वचन सुन्ने हरेकको जीवनमा आत्माको नयाँ काम भएको होस् ।<br>हिब्रू ४:१२ | **२१** 4<br>भोलि मण्डलीमा आउनुहुने नयाँहरूले खीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनेर ग्रहण गर्न सकून् ।<br>यूहन्ना ५:२४-२५ |
| **शनिबार Saturday** | **२५** 8<br>विभिन्न व्यापार, व्यवसाय, नोकरी गर्नेहरूको कमाइमा परमेश्वरको आशिष र उन्नति मागिदिऔं ।<br>व्यवस्था २८:८-१३ | **१** 15<br>परमेश्वरको प्रेमलाई चाखेर पनि फेरि संसारतिर फर्केर गएकाहरू पवित्र आत्माको सहायतामा साँचो पश्चात्तापी भई खीष्टको प्रेममा फर्कन सकून् ।<br>योएल २:१२-१३ | **८** 22<br>सबै खीष्टिय संघ-संस्थाहरूमा सेवकाई र काम गर्ने सेवक/सेविकाहरूको लागि आशिष मागिदिऔं ।<br>२ तिमोथी ४:५ | **१५** 29<br>सुनेको वचनद्वारा मण्डली अझै आज्ञाकारी र प्रभुमा समर्पित हुँदै जान सकून् ।<br>यूहन्ना १४:१५,२१,२३ | **२२** 5<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीको निम्ति प्रभुबाट बोझ र दर्शनमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>२ कोरिन्थी ३:१-६ |